**नेपाल विद्युत प्राधिकरणका उपभोक्तावर्गहरुमा विद्युत महशुल भुक्तानी गर्ने सम्वन्धि सूचनाः**

२०७७ साल भाद्र महिनामा देशका अधिकांश स्थानहरुमा Covid-19 को संक्रमणले गर्दा लकडाउन भएकाले विद्युतको मिटररिडिंग तथा विलिंग समयमा हुन नसकि महशुल भुक्तानीका सम्दर्भमा उपभोक्ता वर्गमा अन्योल उत्पन्न भएको भन्ने वुझिन आएको छ । उपभोक्तावर्गको सुविधा तथा हितलाई ध्यानमा राखी २०७७ साल भाद्र महिनाको महशुल भुक्तानी गर्दा छुट तथा थप दस्तुर लाग्ने समय हेरफेर गरी २०७७ आश्विन २२ गते सम्म महशुल भुक्तानी गरेमा कुनै थप दस्तुर नलाग्ने र आश्विन २३ देखि ३० गते सम्म भुक्तानी गर्दा ५ प्रतिशत मात्र थप दस्तुर लाग्ने व्यवस्था गरिएकोले सवै उपभोक्तावर्गहरुको जानकारीको लागि यो सुचना प्रकाशीत गरिएको छ । २०७७ भाद्र महिनाको विद्युत महशुल भुक्तानी सम्वन्धि अन्य व्यवस्था तथा २०७७ आश्विन महिना देखिको नियमित महशुल भुक्तानी सम्वन्धि व्यवस्था विद्युत महशुल संकलन विनियमावली २०७७ मा तोकिए वमोजिम हुनेछ । कुनै उपभोक्ता महानुभावले २०७७ साल भाद्र महिनाको महशुल भुक्तानी गर्दा थप दस्तुर यस अघि तिरेको भए उक्त रकम आगामी विलमा समायोजन गरिने व्यहोरा समेत अनुरोध छ ।

नेपाल विद्युत प्राधिकरणबाट मिटर रिडिंग तथा महशुल भुक्तानी सम्वन्धमा निम्न थप व्यवस्था गरेको व्यहोरा समेत विनम्र अनुरोध गर्दछौं ।

१. ग्राहक स्वयंमले Self Meter Reading समेत Internet Browse गरि यस Link https://consumer.nea.org.np/ मा गई आफ्नो विवरण अद्यावधिक गरि Reading Posting गर्न सक्नेछन् वा ने.वि.प्रा.को हटलाइन ११५० मा फोन गरि आफ्नो रिडिंग अंक टिपाउन सक्नेछन् र तत् पश्चात ने.वि.प्रा.को विद्युत महशुल संकलन काउण्टरमा गै महशुल भुक्तानी गर्न सक्नेछन् ।

२. ग्राहकहरुले Online Payments को माध्यमवाट समेत आफ्नो खपत विवरण जानकारी लिई भुक्तानी गर्न सक्नेछन् ।

३. कुनै कारणवश विल प्राप्त नभएमा सम्वन्धित वितरण केन्द्रको कार्यालयमा सम्पर्क राखि अथवा स्वयं उपस्थित भई मिटर रिडिंग अंक टिपाई प्रतिलिपी विल लिई समयमा महशुल वुझाउन पर्नेछ ।

४. ग्राहकले आफ्नो खपतको आधारमा अग्रिम भुक्तानी समेत गर्न सक्नेछन् र प्राधिकरणले उक्त रकममा नियमानुसार आकर्षित हुने छुट सुविधासमेत उपलव्ध गराउनेछ ।

**नोटः विद्युत मिटर रिडिंग एवं महशुल संकलन सम्वन्धि सूचना तथा विनियमावली नेपाल विद्युत प्राधिकरणको website www.nea.org.np मा हेर्नु हुन समेत अनुरोध छ ।**

नेपाल विद्युत प्राधिकरण
दरवारमार्ग काठमाडौं ।